श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४५ सालको ऐन नं. १८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "स्टाण्डर्ड नाप र तौल (चौथो संशोधन) ऐन, २०४५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३ मा संशोधनः स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३. मीटरः (१) मीटर लम्बाईको मूल इकाई हुनेछ ।

(२) "मीटर" भन्नाले प्रकाशले $\frac{१}{२९९७९२४५८}$ सेकेण्डको अवधिभित्र शून्य ठाउँ (भ्याकुम) मा तय गरेको दुरीलाई जनाउँछ ।

(३) श्री ५ को सरकारले मीटरको परिमाण (भ्यालु) निकाल्ने मीटरको एक राष्ट्रिय स्टाण्डर्ड बनाउन लगाउनेछ र सो स्टाण्डर्ड मीटरको अन्तर्राष्ट्रिय स्टाण्डर्ड अनुसार प्रमाणित गराउनेछ । त्यस्तो स्टाण्डर्ड श्री ५ को सरकारले तोकिदिएको ठाउँमा तोकिदिएको व्यक्तिको जिम्मामा रहनेछ ।"

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. किलोग्रामः (१) किलोग्राम राशिको मूल इकाई हुनेछ ।

(२) श्री ५ को सरकारले किलोग्रामको परिमाण निकाल्ने किलोग्रामको एक राष्ट्रिय स्टाण्डर्ड बनाउन लगाउनेछ र सो स्टाण्डर्ड किलोग्रामको अन्तर्राष्ट्रिय प्रतिमूर्ति अनुसार वा अन्तर्राष्ट्रिय प्रतिमूर्ति अनुसार बनाइएको अन्य मुलुकको राष्ट्रिय प्रतिमूर्ति अनुसार प्रमाणित गराउनेछ । त्यस्तो स्टाण्डर्ड श्री ५ को सरकारले तोकिदिएको ठाउँमा तोकिदिएको व्यक्तिको जिम्मामा रहनेछ ।

(३) उपदफा (१) र दफा ८ख. मा जुनसुकै कुरा लेखिएको भए तापनि बहुमूल्य रत्नको लागि राशिको मूल इकाई एक किलोग्रामको पाँच हजार खण्डको एक खण्ड बराबरको एक क्यारेट हुनेछ ।

(४) कुनै स्थानमा तौलको स्टाण्डर्ड इकाई सो स्थानमा राशिको मूल इकाईको तौल हुनेछ ।"

४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को,–

(१) दफा शीर्षकमा रहेका "समयको इकाई" भन्ने शब्दहरूको सट्टा "सेकेण्ड" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) सेकेण्ड समयको मूल इकाई हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को,–

(१) दफा शीर्षकमा रहेका "विद्युत्को इकाई" भन्ने शब्दहरूको सट्टा "एम्पिएर" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) एम्पिएर विद्युत् धाराको मूल इकाई हुनेछ ।"

६. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को,–

(१) दफा शीर्षकमा रहेका "तापक्रमको नाप" भन्ने शब्दहरूको सट्टा "केलभिन" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) केलभिन थर्मोडाइनामिक तापक्रमको मूल इकाई हुनेछ ।"

७. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को,–

(१) दफा शीर्षकमा रहेका "प्रकाशको इकाई" भन्ने शब्दहरूको सट्टा "क्याण्डेला" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) क्याण्डेला प्रकाश तीव्रताको मूल इकाई हुनेछ ।"

८. मूल ऐनको दफा ८क. मा संशोधनः मूल ऐनको दफा ८क. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) मोल वस्तुको परिमाणको मूल इकाई हुनेछ ।"

९. मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६ को उपदफा (२) मा रहेका "प्रतिमूर्तिसंग जाँची" भन्ने शब्दहरूको सट्टा "स्टाण्डर्डसंग जाँची" भन्ने शब्दहरू राखिएका छन् ।

१०. मूल ऐनको दफा २६ मा संशोधनः मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः–

"२६. इजाजत नलिई गर्न नहुनेः निरीक्षकबाट तोकिएको दस्तूर तिरेर तोकिए-बमोजिम इजाजत प्राप्त नगरी कुनै पनि व्यक्तिले आफ्नो व्यापारको सिलसिलामा व्यापारिक नाप वा तौल वा नाप्ने यन्त्र वा तौलने यन्त्र बनाउन, मर्मत गर्न, बिक्री गर्न वा तोकिएको नाप्ने वा तौलने सेवाको व्यवसाय गर्न हुँदैन ।"



४८०६ ५२५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल ऐनको दफा ३६ मा संशोधनः मूल ऐनको दफा ३६ को उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) व्यापारिक नाप वा तौल वा नाप्ने यन्त्र वा तौलने यन्त्र बनाउने, मर्मत गर्ने, बिक्री गर्ने वा नाप्ने वा तौलने सेवा प्रदान गर्ने व्यक्तिलाई इजाजतपत्र दिंदा अपनाउनु पर्ने तरीका र इजाजतपत्र पाउने व्यक्तिले पालन गर्नु पर्ने शर्त",

लालमोहर सदर मितिः– २०४५।७।१०।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको हल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४५ सालको ऐन नं. १९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



४६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।